नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८।०८।१०**

# प्रेस विज्ञप्ती

जिल्ला बारा, गढिमाइ उ.म.न.पा. वडा नं. ८ साविक ठेगाना भई हाल जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ८ बस्ने नारायण राउतको नाति अमिरी राउत अहिरको छोरा, उज्वल ट्रेड कन्सर्न (स्था.ले.न. ६०६३७७६२१) को प्रोपाइटर रामवावु प्रसाद यादव, जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ८ बस्ने दिव्या ट्रेड कन्सर्न (स्था.ले.न. ६०६३७७५७३) को प्रोपाइटर सरोज मण्डल, हिलिहाङ्ग गा.पा. वडा नं. ७ बस्ने टोनी कन्सर्न ट्रेड (स्था.ले.नं. ६०१८३७५००) को प्रोपाइटर शान्तिराम सिटौला, देवताल गा.पा. वडा नं. ७ उज्वल ट्रेड कन्सर्न (स्था.ले.नं. ६०६३७७६२१), दिव्या ट्रेड कन्सर्न (स्था.ले.न.६०६३७७५७३) र टोनी कन्सर्न ट्रेड (स्था.ले.नं.६०१८३७५००) को खाता सञ्चालक प्रदिप साह गोढले वस्तु तथा सेवाको कारोवार नगरी झुट्टा तथा नक्कली मु.अ.कर विजक मात्र जारी गरी मूल्य अभिबृद्धि कर रकम रु. ९,१८,९९,३४९.०० (अक्षरुपी नौ करोड अठ्ठार लाख उनान्सय हजार तीन सय उनन्चास मात्र) र आयकर रकम रु. २०,५८,७५,१५०.०० (अक्षरुपी बिस करोड अन्ठाउन्न लाख पचहत्तर हजार एक सय पचाँस मात्र) समेत गर्दा हुन आउने **कूल राजस्व रकम रु.२९,७७,७४,४९९.०० (अक्षरुपी ऊनन्तीस करोड सतहत्तर लाख चौहत्तर हजार चार सय उनान्सय मात्र)** राजस्व चुहावट गरेकोले उक्त राजस्व रकम असुल उपर गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम हदैसम्मको जरिवाना तथा कैद सजाय हुन र दर्तावाल लेखा परीक्षक जिल्ला चन्द्रनगर गा.पा. वडा नं. ७ नादी बस्ने आर वि शाह एण्ड एसोसिएट्स (स्था.ले.नं. ३०१५९७९७३) को प्रोपाईटरको रामवावु साहले उक्त फर्महरुको गलत लेखा परीक्षण प्रतिवेदन तयार गरी नेपाल सरकारलाई तिर्नु वुझाउनुपर्ने राजस्व छली गर्ने कार्यमा सहयोगी भई मतियारको कार्य गरेको देखिन आएकोले निजलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन समेत) वमोजिम मुख्य प्रतिवादीहरुलाई हुने सजायको आधा सजाय हुन समेतको माग दावी लिई ऐ. ऐनको दफा २० बमोजिम उच्च अदालत पाटनमा मिति २०७८।०८।१० मा अभियोग पत्र दायर गरिएको छ ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**



नतिजामुखी प्रशासनः समृद्धि र सुशासन
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स ५५४२०२३, टोल फ्री नम्बर १६६०-०१-५५०००,
ईमेल- info@dri.gov.np, वेभसाईट- www.dri.gov.np